# <u>विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१</u>

स्वीकृत मितिः २०८१/१०/०७

<u>संशोधनः </u>विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ पहिलो संशोधन मितिः २०८२/०१/१४

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/०१/१४
४. दर्ता नं. र मितिः ०३/०८२, २०८२/०२/०२

**<u>प्रस्तावनाः</u>** आधारभूत सेवाको विकास र आपूर्ति तथा सामाजिक आर्थिक रुपान्तरणमार्फत् विभेद र बञ्चितिमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्न प्रदेश वा स्थानीय तहबाट सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अर्थ मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ख) "आयोजना वा कार्यक्रम" भन्नाले विशेष अनुदानमा सञ्चालन गरिने दफा ३ को उपदफा (१) बमोजिमका आयोजना वा कार्यक्रम सम्झनु पर्छ।

(ग) "प्रदेश योजना आयोग" भन्नाले सम्बन्धित प्रदेशका प्रदेश नीति तथा योजना आयोग वा प्रदेश योजना आयोग सम्झनु पर्छ।

(घ) "योजना आयोग" भन्नाले राष्ट्रिय योजना आयोग सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

(च) "विशेष अनुदान" भन्नाले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११ बमोजिमको विशेष अनुदान सम्झनु पर्छ।

(छ) "विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई धनजनको क्षति तथा जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।

(ज) "सम्बन्धित मन्त्रालय" भन्नाले आयोजना वा कार्यक्रमसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले दफा ५ बमोजिमको आयोजना वा कार्यक्रम सिफारिस समिति सम्झनु पर्छ।

३. **<u>विशेष अनुदान प्रदान गरिने क्षेत्र र आधारः</u>** (१) नेपाल सरकारले प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने देहायका कुनै क्षेत्रमा अनुसूची-१ सँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि विशेष अनुदान उपलब्ध गराउन सक्नेछः-

(क) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि,

(ख) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि,

(ग) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइ,

(घ) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार,

(ङ) विपद् जोखिम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएका विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माण,

(च) लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास, एकीकृत बस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण।

(२) प्रदेश वा स्थानीय तहले विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत अनुमान देहाय बमोजिमको बजेट सीमाभित्र रहेको हुनु पर्नेछः-

(क) गाउँपालिका वा नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान पच्चिस लाख रुपैयाँदेखि तीन करोड रुपैयाँसम्म,

(ख) उपमहानगरपालिका वा महानगरपालिकाबाट कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान पच्चिस लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म,

(ग) प्रदेश सरकारबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको कुल लागत अनुमान पाँच करोड रुपैयाँदेखि दश करोड रुपैयाँसम्म।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा त्यस्तो आयोजना वा कार्यक्रममध्ये पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको हकमा बढीमा तीन वर्ष र कार्यक्रमको हकमा सालबसाली सम्पन्न गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ।

४. **विशेष अनुदान माग गर्नेः** (१) योजना आयोगले प्रत्येक वर्ष मंसिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश वा स्थानीय तहबाट आगामी आर्थिक वर्षमा विशेष अनुदानमा सञ्चालन गर्ने आयोजना वा कार्यक्रमको प्रस्ताव माग गर्नेछ।

(२) उपदफा (१) बमोजिम योजना आयोगबाट प्रस्ताव माग भएपछि प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेको आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रत्येक वर्षको माघ मसान्तभित्र प्रदेशले सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् र स्थानीय तहले सोझै योजना आयोगमा विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको लागि त्यस्तो अनुदान माग गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणाली मार्फत् अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८२/८३ का लागि आयोजना वा कार्यक्रम प्रस्ताव माग गर्ने र प्रस्ताव पेश गर्ने समयसीमा योजना आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(४) योजना वा कार्यक्रम प्रस्ताव गर्दा दफा ३ को उपदफा (२) बमोजिम क्रमागतसहित प्रदेशको हकमा बढीमा दश वटासम्म र स्थानीय तहको हकमा बढीमा तीन वटासम्म आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछ।

तर यो कार्यविधि प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका क्रमागत आयोजना वा कार्यक्रमको कुल लागत साबिककै व्यवस्था बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम सूचना जारी भएपछि प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट आफूले कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी प्रस्ताव माघ मसान्तभित्र योजना आयोगले तोकेको विद्युतीय प्रणालीमार्फत् सो आयोगमा पेश गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरू विद्युतीय (अनलाइन) प्रणालीमा प्रविष्टि गर्नु पर्नेछः-

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान वा अनुसूची- ३ बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल),

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण,

(घ) स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय र अनुसूची-३ बमोजिमको ढाँचामा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

(७) उपदफा (१) बमोजिम पेश गरिने प्रस्तावमा देहायका विषयहरू स्पष्ट रूपमा खुलाउनु पर्नेछः-

(क) आयोजना वा कार्यक्रम सञ्चालन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याइँ,

(ख) आयोजना वा कार्यक्रमको कुल लागत,

(ग) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा योजनाको दिगोपना,

(घ) आयोजना वा कार्यक्रम सञ्चालन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति,

(ङ) आयोजना वा कार्यक्रम सञ्चालन गर्न लाग्ने समय,

(च) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण,

(छ) क्रमागत आयोजना वा कार्यक्रमको प्रस्ताव गरेको भएमा आयोजनाको कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण, र

(ज) योजना आयोगले तोकेका अन्य विवरण।

‡(७क) प्रदेश तथा स्थानीय तहले आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा प्रस्तावसँग सम्बन्धित अनुसूची-४ बमोजिमको शर्त पुरा भएको प्रमाणित गर्ने फाराम तथा कागजात र अनलाइन प्रणालीमा प्रविष्टि भएका कागजातमा फरक परेमा वा अर्को कागजात प्रविष्टि गरेमा सम्बन्धित प्रदेश र स्थानीय तह जिम्मेवार हुनु पर्नेछ।

(८) प्रदेश वा स्थानीय तहले क्रमागत आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान माग गर्दा प्रत्येक आर्थिक वर्षको लागि पुनः बजेट माग गर्नु पर्नेछ।

(९) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधिमा सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(१०) उपदफा (२) बमोजिम प्रदेश वा स्थानीय तहले वडा, टोल, बस्तीका विभिन्न स्थानमा छरिएर रहेका अल्पसङ्ख्यक, सीमान्तकृत र विपन्न लक्षित समुदाय समेतलाई सम्बोधन हुने गरी आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्न सकिनेछ। त्यस्तो आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा लक्षित समुदायको परिवार सङ्ख्या, वडा, टोल वा बस्ती लगायतका अन्य विवरण समेत सलंग्न गर्नु पर्नेछ।

(११) प्रदेश वा स्थानीय तहले साबिकमा सञ्चालनमा रहेका आयोजना वा कार्यक्रम सम्पन्न नगरी नयाँ योजना प्रस्ताव गर्न पाइने छैन।

(१२) उपदफा (११) मा जुनसुकै कुरा उल्लेख भए तापनि साबिकमा सञ्चालनमा रहेको क्रमागत आयोजनाको हकमा क्रमागत र नयाँ आयोजना समेत गरी दफा ४ को उपदफा (४) मा तोकिएको सङ्ख्यामा नबढ्ने गरी माग गर्न बाधा पर्ने छैन।

**५. <u>आयोजना वा कार्यक्रम सिफारिस समितिः</u>** (१) विशेष अनुदानमा प्रदेश वा स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न दफा ४ बमोजिम प्राप्त हुन आएका प्रस्तावमध्ये उपयुक्त प्रस्ताव छनोट गरी सिफारिस गर्न योजना आयोगमा देहाय बमोजिमको आयोजना वा कार्यक्रम सिफारिस समिति रहनेछः-

(क) आयोगको उपाध्यक्षले तोकेको सो आयोगको सदस्य - संयोजक

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहसचिव (प्रदेश समन्वय हेर्ने) - सदस्य

(ग) अर्थ मन्त्रालयको सहसचिव (वित्तीय सङ्घीयता हेर्ने) - सदस्य

(ग) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहसचिव (योजना हेर्ने) - सदस्य

(घ) नेपाल सरकारको सम्बन्धित मन्त्रालयको सहसचिव (योजना हेर्ने) - सदस्य

(ङ) योजना आयोगको सामाजिक विकास महाशाखाको सहसचिव - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

‡ पहिलो संशोधनद्वारा थप

(३) समितिले बैठक सम्बन्धी कार्यविधि आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

§(४) समितिले आयोजना वा कार्यक्रम सिफारिस गर्दा उपदफा (१) मा उल्लिखित आधारको अतिरिक्त प्रस्ताव भई आएका आयोजना वा कार्यक्रम मध्ये क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई नयाँ आयोजना वा कार्यक्रम छनौट गरी योजना आयोगमा सिफारिस गर्नु पर्नेछ।

(५) समितिले आयोजना वा कार्यक्रम छनोट गर्दा एकमुष्ट बजेट विनियोजन नहुने गरी आयोजना वा कार्यक्रमगत रुपमा बजेट प्रस्ताव गर्नु पर्नेछ।

(६) समितिले आगामी आर्थिक वर्षको लागि आयोजना वा कार्यक्रम छनोट गर्दा निर्धारित बजेट सीमाभित्र रही चालू आर्थिक वर्षको चैत्र पन्ध्र गतेभित्र सिफारिस गरिसक्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम आयोजना वा कार्यक्रम सिफारिस भइसकेपछि योजना आयोगले त्यसरी छनोट भएको प्रदेश वा स्थानीय तहको आयोजना वा कार्यक्रमको विवरणसहितको जानकारी **बैशाख बिस गतेभित्र अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

††(८) समितिले आर्थिक वर्ष २०८२/८३ का लागि छनौट सिफारिस गरेका आयोजना वा कार्यक्रम बाहेक तोकिएको समय सीमा भित्र समपुरक अनुदान सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका अन्य आयोजना वा कार्यक्रमको हकमा अनुसूची-४ बमोजिमका कागजातहरु पूर्ण रुपमा पेश नभए तापनि प्रदेश तथा स्थानीय तहले ठेक्का प्रकृयामा जानुपूर्व बाँकी कागजात पेश गर्ने शर्तमा प्रदेश मन्त्रिपरिषद्को निर्णय र प्राथमिकताक्रम वा स्थानीय कार्यपालिकाको निर्णय तथा प्राथमिकताक्रम र विनियोजित स्रोत समेतलाई आधार लिई योजना आयोगले आयोजना वा कार्यक्रम छनौट गर्न सक्नेछ।

‡‡(९) उपदफा (८) बमोजिम योजना आयोगले छनौट गरेका आयोजना वा कार्यक्रम मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा प्रविष्टि गर्नुपर्नेछ। त्यसरी प्रविष्टि भएका आयोजना वा कार्यक्रमको बजेट अख्तियारी तथा निकासा सम्बन्धित प्रदेश वा स्थानीय तहले पेश गर्न बाँकी कागजातहरु पेश नगर्दासम्म रोक्का हुनेछ।

§§(१०) उपदफा (९) बमोजिम प्रदेश तथा स्थानीय तहको आयोजना वा कार्यक्रमको बजेट अख्तियारी वा निकासा रोक्का वा फुकुवा योजना आयोगको सिफारिसमा अर्थ मन्त्रालयले गर्नेछ।

६. **बजेट सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्ने:** (१) योजना आयोगले प्रदेश वा स्थानीय तहबाट विशेष अनुदानमार्फत् कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबीआइएस) मा प्रविष्टि गर्नु पर्नेछ। प्रदेशको अर्थ मन्त्रालयले प्रदेश तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली

---

§ पहिलो संशोधनद्वारा संशोधित

** पहिलो संशोधनद्वारा संशोधित

†† पहिलो संशोधनद्वारा थप

‡‡ पहिलो संशोधनद्वारा थप

§§ पहिलो संशोधनद्वारा थप

(पिएलएमबीआइएस) र स्थानीय तहले स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा प्रविष्टि गर्नु पर्नेछ।

(२) नेपाल सरकारबाट सङ्घीय संसद्मा बजेट पेश भएपछि आयोगले विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको विवरण आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नु पर्नेछ।

७. **<u>नेपाल सरकारले विशेष अनुदान प्रदान गर्ने</u>:** (१) नेपाल सरकारले आयोगबाट छनोट भएको आयोजना वा कार्यक्रम सञ्चालनको लागि त्यस्तो आयोजना वा कार्यक्रमको कुल लागत, प्रकृति, प्राथमिकता, उपलब्धि र दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले प्रदेश वा स्थानीय तहमा विशेष अनुदान प्रदान गर्दा विशेष अनुदानको लागि विनियोजित वार्षिक बजेट सीमाभित्र रही विशेष अनुदान प्रदान गर्नु पर्नेछ।

(३) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लागि नेपाल सरकारले अनुदान दिँदा सम्बन्धित प्रदेश वा स्थानीय तहबाट उक्त आयोजना वा कार्यक्रममा भएको कार्यप्रगतिको आधारमा त्रैमासिक रूपमा अनुदान रकम उपलब्ध गराउनेछ।

(४) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन भइरहेको आयोजना वा कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र त्यस्तो आयोजना वा कार्यक्रमको अन्तिम किस्ता बापतको रकम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराइनेछ।

८. **<u>विशेष अनुदान प्रदान नगरिने</u>:** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले देहायका विषय वा प्रकृतिको आयोजना वा कार्यक्रमको लागि प्रदेश वा स्थानीय तहलाई विशेष अनुदान प्रदान गर्ने छैनः-

(क) तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी,

(ख) कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको,

(ग) वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिको,

(घ) दफा ३ को उपदफा (२) मा उल्लिखित न्यूनतम सीमाभन्दा कम कुल लागत अनुमान भएको आयोजना वा कार्यक्रम।

९. **<u>अनुदान रकम निकासा तथा खर्च प्रक्रिया</u>:** (१) प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा जुन आयोजना वा कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सो आयोजना वा कार्यक्रममा मात्र खर्च गर्नु पर्नेछ।

(२) विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत् सञ्चालन हुने आयोजना वा कार्यक्रममा खर्च गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि पूर्वाधार निर्माण बाहेक प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको सीमाभित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्धि, आयआर्जन तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि प्रचलित खरिद कानूनको बजेट सीमाको परिधिभित्र रहने गरी कृषक समूह, महिला समूह जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सूचीकृत सामुदायिक

संस्थालाई परिचालन गर्न सकिनेछ। सो प्रयोजनको लागि स्थानीय तहमा रहेका अगुवा कृषक, सामाजिक परिचालक वा उत्प्रेरकको समेत सहयोग लिन सकिनेछ।

(४) उपदफा (२) बमोजिम सञ्चालन हुने आयोजना वा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा सङ्घ वा प्रदेशबाट सञ्चालित वा अन्य गैरसरकारी सङ्घ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रम वा लक्षित समूहमा दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(५) प्रदेश वा स्थानीय तहले प्राप्त गर्ने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नु पर्नेछ।

(६) कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पुँजीगत प्रकृतिको विशेष अनुदान निकासा माग गर्दा आयोजना वा कार्यक्रमको खरिद योजना, खरिद सम्झौता र कार्य प्रगति विवरण पेश गर्नु पर्नेछ।

(७) प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी तथा पारदर्शी किसिमले विद्युतीय भुक्तानी प्रणालीमार्फत् भुक्तानी गर्नु पर्नेछ।

(८) विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न प्रदेश वा स्थानीय तहको हुनेछ।

१०. **<u>मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्ने</u>**: प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमलाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम तयार गर्नु पर्ने मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्नेछ।

११. **<u>तोकिएको अवधिभित्र आयोजना वा कार्यक्रम सम्पन्न गर्नु पर्ने</u>**: प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम दफा ४ बमोजिमको प्रस्तावमा तोकिएको अवधिभित्र सम्पन्न गर्नु पर्नेछ। सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

१२. **<u>आयोजना वा कार्यक्रम हेरफेर गर्न नहुने</u>**: विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनोट भएको आयोजना वा कार्यक्रमको लागि बजेट विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकम अन्य कार्यक्रममा रकमान्तर गर्न वा कार्यान्वयन अवधि स्वीकृत भएको अवधिभन्दा बढी हुने गरी बढाउन पाइने छैन।

१३. **<u>रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने</u>**: प्रदेश तथा स्थानीय तहमा भएको विशेष अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले अनुदान प्राप्त गरेको आर्थिक वर्षको विनियोजन ऐन बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

१४. **<u>निर्देशन दिन सक्ने</u>**:- (१) विशेष अनुदानबाट सञ्चालित कुनै आयोजना वा कार्यक्रम त्यस्तो आयोजना वा कार्यक्रमको उद्देश्य अनुरूप सञ्चालन नभएमा, कायम गर्नु पर्ने गुणस्तर कायम गरेको नदेखिएमा, समयमा कार्य सम्पन्न नहुने अवस्था भएमा वा कुनै कारणले आयोजना वा

कार्यक्रम कार्यान्वयनमा कुनै सुधार गर्नु पर्ने देखिएमा अर्थ मन्त्रालय वा योजना आयोगले प्रदेश वा स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) कुनै पूर्वाधार निर्माण सम्बन्धी आयोजना वा कार्यक्रमको काम सम्पन्न भएको तर त्रुटि सच्याउने अवधि (डिफेक्ट लायबिलिटि पिरियड) वा निश्चित अवधि पूरा नहुँदै कामको गुणस्तरमा ह्रास आएको पाइएमा अर्थ मन्त्रालय वा योजना आयोगले सोको छानबिन गरी प्रदेश वा स्थानीय तहको सम्बन्धित पक्षलाई आवश्यक मर्मत सम्भार वा सुधारको लागि निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश वा स्थानीय तहको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम दिएको निर्देशनको जानकारी वा उपदफा (२) बमोजिम गरेको छानबिनको जानकारी निर्देशन दिने वा छानबिन गर्ने निकायले अर्को निकायलाई गराउनु पर्नेछ।

**१५.** **<u>अनुगमन तथा प्रतिवेदनः</u>** (१) विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रूपमा अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा योजना आयोग तथा स्थानीय तहको हकमा योजना आयोग र सम्बन्धित जिल्ला समन्वय समितिमा समेत पेश गर्नु पर्नेछ।

(३) विशेष अनुदानबाट सञ्चालन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रूपमा सञ्चालन भए वा नभएको सम्बन्धमा प्रदेशबाट कार्यान्वयन भएको आयोजना सम्बन्धित प्रदेश योजना आयोगले र स्थानीय तहबाट कार्यान्वयन भएको आयोजनाको सम्बन्धित जिल्ला समन्वय समितिले अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ। यसरी दिइएको सुझाव सहितको अनुगमन प्रतिवेदन अनुगमन गर्ने निकायले योजना आयोगमा पेश गर्नु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रभित्र विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन त्रैमासिक रूपमा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी प्रदेशको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय र स्थानीय तहको हकमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुसूची-७ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विद्युतीय प्रणालीमार्फत् प्राप्त भएको प्रगतिको आधारमा योजना आयोगले वार्षिक रूपमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ।

(६) प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नु पर्नेछ।

(७) प्रदेश वा स्थानीय तहले सञ्चालन भएको आयोजना वा कार्यक्रमको काम कारबाही सम्बन्धित विषय विज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम सार्वजनिक सुनुवाई गर्दा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

१६. **अनुदान रोक्का वा कट्टा गर्न सकिने**: (१) विशेष अनुदानबाट सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमको लक्षित उद्देश्य अनुरूप कार्य प्रगति हुन नसकेमा, मङ्सिर मसान्तभित्र ठेक्का सूचना हुन नसकेमा वा अर्थ मन्त्रालय वा योजना आयोगले दफा १४ बमोजिम दिएको निर्देशन पालना नगरेमा वा दफा १५ बमोजिम पेश गर्नुपर्ने प्रगति प्रतिवेदन पेश नगरेमा वा सम्पन्न भएको काम तोकिएको गुणस्तर अनुरूप भएको नपाइएमा वा तोकिएको समयभित्र काम सम्पन्न नगरेमा अर्थ मन्त्रालयले विशेष अनुदान रकम सोही आर्थिक वर्ष वा आगामी आर्थिक वर्षहरूमा प्रदान गरिने विशेष अनुदान रकमबाट रोक्का राख्न वा कट्टा गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले प्रगति प्रतिवेदन पेश गरेमा, तोकेको समयमा कार्य सम्पन्न गरेमा वा कामको गुणस्तरमा आवश्यक सुधार गरेमा त्यसरी रोक्का राखेको रकम अर्थ मन्त्रालयले जुनसुकै बखत फुकुवा गर्न सक्नेछ।

१७. **आयोजना वा कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी**: विशेष अनुदानबाट सम्पन्न भएको आयोजना वा कार्यक्रमको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ र त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

१८. **अधुरा आयोजना सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट विगत आर्थिक वर्षमा कार्यान्वयन गरेको निर्धारित समयमा सम्पन्न हुन नसकी यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म अधुरै रहेको पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न गर्न सकिने अवस्था भएमा त्यस्तो आयोजना सम्पन्न हुन सक्ने पर्याप्त आधार र कारण खुलाई एक पटकको लागि दफा ४ बमोजिम प्रस्ताव पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव भएका आयोजनालाई योजना आयोगले आर्थिक वर्ष २०८२/८३ भित्र सम्पन्न हुनसक्ने भएमा छनोट गर्न सक्नेछ। यसरी अनुदान उपलब्ध गराइएको अधुरो आयोजना प्रचलित खरिद कानूनको अधिनमा रही सोही आर्थिक वर्षभित्र सम्पन्न गर्नु पर्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि योजना आयोगले प्रस्ताव पेश गर्ने प्रदेश वा स्थानीय तहबाट थप पुष्ट्याईं माग गर्न वा आवश्यकता अनुसार स्थलगत अध्ययन समेत गर्न, गराउन सक्नेछ।

१९. **कार्य सम्पन्न भएको आयोजनाको दायित्व भुक्तानी सम्बन्धी विशेष व्यवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८०/८१ सम्म विशेष अनुदानबाट सञ्चालन भई सिर्जित दायित्व प्रमाणित भएको तर चालू आर्थिक वर्षको विनियोजनमा नपरेको आयोजनाको हकमा आर्थिक वर्ष २०८१/८२ मा विशेष अनुदानमा विनियोजित बजेट खर्च नभई बचत हुने रकमबाट त्यस्तो दायित्वको फरफारक गर्न कार्यक्रम संशोधनको लागि योजना आयोगले अर्थ मन्त्रालयमा सिफारिस गर्न सक्नेछ।

२०. **अनुसूचीमा हेरफेर**: अर्थ मन्त्रालयले योजना आयोगको परामर्शमा यस कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

२१. **खारेजी र बचाउ**: (१) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**विशेष अनुदान प्रस्ताव गर्न सकिने क्षेत्र तथा कार्यक्रम**

**(१) शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि:**

(क) विद्यालयको फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेराबार पर्खाल, जस्ता पूरक शैक्षिक पूर्वाधार।

(ख) दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएको अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम।

**(२) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि:**

(क) आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधारको लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, अपुग भएको अत्यावश्यक औषधी, बर्थिङ्ग सेन्टरको लागि शैय्या तथा उपकरण, आदि।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएको स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रम।

(ग) मातृ तथा बालबालिकाको लागि पोषण सुधार।

**(३) आधारभूत खानेपानी तथा सरसफाइ सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक, सामाजिक रूपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाइ:**

(क) आधारभूत खानेपानी आपूर्ति।

(ख) आधारभूत सरसफाइ।

(ग) जल पुनर्भरण तथा स्रोत संरक्षण।

(४) **आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासको लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार,**

(क) कृषक समूहका लागि डिप ट्यूबेल सिँचाई, यान्त्रिक सिँचाई, थोपा सिँचाई, रोअर पम्प, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यावसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउबिजन, फलफूलको बोटबिरुवा आदि।

(ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको सङ्कलन तथा बिक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।

(ग) विपन्न भूमिहीन वर्ग लक्षित वगर वा नदी उकास क्षेत्रमा गरिने व्यावसायिक कृषि।

(घ) सामूहिक रूपमा जग्गा भाडामा लिई गरिने व्यावसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ वन पैदावार उत्पादन, आदि।

(ङ) उद्यमशीलता विकासको लागि सघाउ पुग्ने गरी उपकरण, प्रविधि र वित्तीय एवम् बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि।

**(५) विपद् जोखिम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएको विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माण:**

(क) विपद् जोखिमयुक्त बस्ती स्थानान्तरण।

(ख) नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएको विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनर्निर्माण।

**(६) <u>लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास, एकीकृत बस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण:</u>**

विपन्न तथा सीमान्तकृत समुदायको लागि नमुना आवास तथा एकीकृत बस्ती विकास।

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**<u>विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम पेश गर्ने प्रस्तावको ढाँचा</u>**

(१) अनुदान माग गर्ने प्रदेश वा स्थानीय तहको नामः

(२) ठेगानाः

(३) सम्पर्क फोनः ...................फ्याक्सः .................. इमेलः...................

(४) आयोजना वा कार्यक्रमको नामः

(५) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने स्थानः

(६) आयोजना वा कार्यक्रमको अनुमानित कुल लागतः

(७) एक आर्थिक वर्षभन्दा बढी अवधिको आयोजना वा कार्यक्रम भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकमको विवरण:

(८) आयोजना वा कार्यक्रमबाट लाभान्वित हुने सम्भावित जनसङ्ख्याः

(९) आयोजना वा कार्यक्रम सम्पन्न गर्न लाग्ने आर्थिक वर्ष:

(१०) आयोजना वा कार्यक्रमको कुल लागतमध्ये नेपाल सरकार र प्रदेश वा स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र त्यस्तो स्रोतको विवरण:

(११) आयोजना वा कार्यक्रममा निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए सोको अनुपात वा हिस्सा रकमः

(१२) निजी क्षेत्र समेतको साझेदारीमा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने भए त्यस्तो साझेदारीको तरिका र ढाँचा:

(१३) नेपाल सरकारले विशेष अनुदान मार्फत् व्यहोर्ने प्रस्तावित रकमः

(१४) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याईं:

(१५) आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना:

(१६) आयोजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति:

(१७) <u>संलग्न आवश्यक कागजातहरू</u>:

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन र ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत विवरणको लागत अनुमान वा आयोजना सञ्चालनको प्रस्ताव (प्रपोजल),

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण क्रमबद्धता स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय र अनुसूची-२ बमोजिमको प्रमाणित फाराम,

(घ) योजना आयोगले निर्धारण गरेको अन्य विवरण तथा कागजात।

सचिव/प्रमुख प्रशासकीय अधिकृतको,
दस्तखतः
पदः
मितिः

## अनुसूची-३

(दफा ४ को उपदफा (६) खण्ड (क) सँग सम्बन्धित)

**विशेष अनुदानको लागि कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल) ढाँचा**

१. कार्यक्रमको नामः

२. कार्यक्रमको पृष्ठभूमिः

३. कार्यक्रमको उद्देश्यः

४. कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपरक पुष्टयाईं

५. कार्यक्रममा हुने लगानी र सोबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ र लाभग्राहीको विस्तृत विवरणः

६. कार्यक्रमबाट प्राप्त हुने प्रतिफल वा लाभबाट दिगो विकास लक्ष्य र प्रदेशको हकमा प्रदेशको आवधिक योजना तथा सोह्रौं योजना र स्थानीय तहको हकमा स्थानीय तहको आवधिक योजना, प्रदेशको आवधिक योजना तथा सोह्रौं योजनाको लक्ष्य हासिल गर्न पुऱ्याउने प्रत्यक्ष योगदान सम्बन्धी बुँदागत विवरणः

७. कार्यक्रममा सङ्घ, प्रदेश तथा स्थानीय तह र निजी क्षेत्र, सहकारी तथा अन्य गैरसरकारी क्षेत्रको सहभागिता रहने भए लगानीको अनुपात, साझेदारीको ढाँचा र दोहोरो नपर्ने आधारः

८. कार्यक्रम कार्यान्वयन गर्न सक्ने भौतिक क्षमता वा जनशक्तिः

९. कार्यक्रमबाट वातावरणमा पर्न सक्ने असर र न्यूनीकरणका उपायः

१०. कार्यक्रम कार्यान्वयनको चुनौती र आइपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः

११. कार्यक्रम अनुगमन र मूल्याङ्कन व्यवस्थाः

१२. कार्यक्रम दिगो रूपमा सञ्चालन गर्ने आधार वा व्यावसायिक योजनाः

| सचिव/प्रमुख प्रशासकीय अधिकृतको,- | प्रमुख वा अध्यक्षको,- |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

*नोटः कार्यक्रम प्रस्तावको सुरु पृष्ठमा देहायका विवरण राख्नेः*

कार्यक्रम पेश गर्ने प्रदेश वा स्थानीय तहको नामः

ठेगानाः फोन/फ्याक्स/इमेलः

कार्यक्रमको नामः

कुल लागत रु.: प्रस्तावित लाभान्वित जनसङ्ख्याः

कार्यक्रमको विषयक्षेत्रः

कार्यक्रम कार्यान्वयनको लागि जिम्मेवार मन्त्रालय वा स्थानीय तहको शाखाः

## अनुसूची-४

(दफा ४ को उपदफा (६) को खण्ड (ग) सँग सम्बन्धित)

**विशेष अनुदानको लागि शर्त पूरा भएको प्रमाणित गर्ने फाराम**

.................... *(प्रदेश सरकार/स्थानीय तहको नाम लेख्ने)*

.................... *(ठेगाना लेख्ने)*

| **विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम** | | |
|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १) | | |
| २) | | |
| ३) | | |
| ... | | |

१. आयोजना वा कार्यक्रमको कुल लागत निर्धारित सीमाभित्र रहेको,

२. आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि भौतिक क्षमता तथा जनशक्तिको उपलब्धता रहेको,

३. आयोजना वा कार्यक्रम स्थानीय तहको आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचनामा समावेश भएको,

४. आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिबिलिटि स्टडी) प्रतिवेदन वा ड्रइङ, डिजाइन, स्पेसिफिकेसन सहितको विस्तृत लागत अनुमान तयार भएको वा आयोजना वा कार्यक्रम सञ्चालनको प्रस्ताव (प्रपोजल),

५. आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको,

६. आयोजना वा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार भएको,

७. नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेशले कार्यान्वयन गरिरहेको र स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रमसँग दोहोरो नपरेको,

८. क्रमागत आयोजना सहित स्थानीय तहको हकमा अधिकतम तीन वटासम्म तथा प्रदेश सरकारको हकमा अधिकतम दश वटासम्म आयोजना वा कार्यक्रमहरू प्रस्ताव गरेको,

९. क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रम प्रस्ताव गर्नको लागि आयोजना वा कार्यक्रमको प्राथमिकीकरण विवरण (स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय तथा प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय) भएको,

१०. आयोजना वा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन व्यवस्था सुनिश्चित भएको,

११. आयोजना वा कार्यक्रमको दिगोपनको सन्दर्भमा व्यवस्थापन तथा सञ्चालन सुनिश्चितता भएको,

१२. आयोजना वा कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा प्राप्त भएको,

१३. आयोजनाको निर्माण स्थल तयारी (Site Clearance) भएको।

आयोजना वा कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरू पूरा भएको प्रमाणित गर्दछु।

| <u>तयार गर्नेको,-</u> | <u>प्रमाणित गर्नेको,-</u> |
|---|---|
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**<u>प्रमाणित गरिए बमोजिम योजना आयोगको विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको</u>**,-

नाम थर:

पद:

दस्तखतः कार्यालयको छापः

प्रविष्टि मिति:

**नोटः-** यो फाराम प्रमाणित गर्दा देहायका पदाधिकारीले तयारी, प्रमाणित र विशेष अनुदान प्रणालीमा प्रविष्ट गर्नेले अनिवार्य रूपमा दस्तखत गर्नु पर्नेछः-

**क.** **प्रदेशको हकमा** तयार गर्ने महलमा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (योजना महाशाखा प्रमुख), प्रमाणित गर्ने महलमा प्रमुख सचिव र प्रविष्ट गर्ने महलमा आयोजना वा कार्यक्रम विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्नेछ।

**ख.** **स्थानीय तहको हकमा** तयार गर्ने महलमा प्रमुख प्रशासकीय अधिकृतको र प्रमाणित गर्ने महलमा सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुख र प्रविष्ट गर्ने महलमा आयोजना वा कार्यक्रम विशेष अनुदान प्रणालीमा प्रविष्टि गर्ने कर्मचारीको नाम, पद र दस्तखत गर्नु पर्ने।

## अनुसूची-५

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

**आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता**

(क) **विधिः**

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट २०७८ कार्तिक २५ गतेदेखि मङ्सिर ०९ गतेसम्म नेपाल जनसङ्ख्या तथा आवास गणना गरिएको थियो। घरेलु विशेषताहरू, सेवा उपयोगिताहरू र सुविधाहरूको तथ्याङ्क उपयोग गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता अनुसार "**सम्पत्ति सूचकाङ्क**" निर्माण गरेको छ। सम्पत्ति सूचकाङ्क १७ वटा कारक तत्त्वहरूमा आधारित छ, जसमा नौ घरेलु सम्पत्ति,चार सेवाहरू र चार आवास गुणस्तर चरहरू समावेश छन्। यी कारकहरूभित्र घरको जगमा प्रयोग हुने सामग्री, घरको बाहिरी भित्तामा प्रयोग गरिने सामग्री, घरको छतमा प्रयोग गरिने सामग्री, घरको भूईँमा प्रयोग हुने सामग्री, पिउने पानीको मुख्य स्रोत, खाना पकाउने इन्धन, प्रकाशको लागि प्रयोग गरिने इन्धन, शौचालय सुविधाको उपलब्धता र प्रकार, टेलिभिजन, ल्यान्डलाइन फोन, स्मार्ट मोबाइल फोन, कम्प्युटर वा ल्यापटप, घरमा इन्टरनेट, कार/जीप/भ्यान,मोटरसाइकल/स्कुटर, फ्रिज र लुगा धुने मेसिन जस्ता घरेलु सम्पत्तिहरू सम्पत्ति जनाउने तत्त्वहरू समावेश गरिएको छ। उक्त सम्पत्ति सूचकाङ्कलाई अति गरिबी, गरिबी, मध्यम, धनि, अति धनि गरी पञ्चांशमा विभाजन गरिएको छ। उक्त पञ्चांशमध्ये अति गरिब र गरिबलाई समावेश गरी आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको अवस्था सङ्केत गरिएको छ। बञ्चितीकरण सूचकाङ्क गणितीय हिसाबले एक र शून्यको बीचमा रहन्छ। एकको नजिक केन्द्रित रहेको सूचकाङ्कले बढी बञ्चितीकरणको अवस्थालाई सङ्केत गर्दछ भने शून्यको नजिक रहेका सूचकाङ्कहरूले कम बञ्चितीकरणको अवस्थालाई सङ्केत गर्दछ। यही सूचकाङ्कको आधारमा प्रदेश एवम् स्थानीय तहको स्तरीकरण गरिएको छ।

(ख) **तालिकाः आर्थिक-सामाजिक विकासमा बञ्चितीकरणको आधारमा स्थानीय तहको क्रमबद्धता**

| **क्रम सङ्ख्या** | **स्थानीय तह** | **बञ्चितीकरण सूचकाङ्क** |
|---|---|---|
| १ | शे फोक्सुण्डो गाउँपालिका,डोल्पा | ०.९९८८ |
| २ | ताजाकोट गाउँपालिका,हुम्ला | ०.९९८३ |
| ३ | अदानचुली गाउँपालिका,हुम्ला | ०.९९८० |
| ४ | काइके गाउँपालिका,डोल्पा | ०.९९६७ |
| ५ | डोल्पो बुद्ध गाउँपालिका,डोल्पा | ०.९९६३ |
| ६ | सर्केगाड गाउँपालिका,हुम्ला | ०.९९६३ |
| ७ | खार्पुनाथ गाउँपालिका,हुम्ला | ०.९९४५ |
| ८ | छार्का ताङसोङ गाउँपालिका, डोल्पा | ०.९९३८ |
| ९ | नाम्खा गाउँपालिका,हुम्ला | ०.९९१७ |
| १० | सोरु गाउँपालिका,मुगु | ०.९८८० |
| ११ | जुनिचादे गाउँपालिका,जाजरकोट | ०.९८७७ |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| १२ | साईपाल गाउँपालिका,बझाङ | ०.९८६५ |
| १३ | गौमुल गाउँपालिका,बाजुरा | ०.९८६० |
| १४ | हिमा गाउँपालिका,जुम्ला | ०.९८५३ |
| १५ | कुसे गाउँपालिका,जाजरकोट | ०.९८२९ |
| १६ | रामारोशन गाउँपालिका,अछाम | ०.९८१४ |
| १७ | हिमाली गाउँपालिका,बाजुरा | ०.९८०४ |
| १८ | ठाँटीकाध गाउँपालिका,दैलेख | ०.९७९१ |
| १९ | तिला गाउँपालिका,जुम्ला | ०.९७९० |
| २० | चामुण्डा विन्द्रासैनी नगरपालिका,दैलेख | ०.९७७७ |
| २१ | बोगटान फुडसिल गाउँपालिका,डोटी | ०.९७७२ |
| २२ | सायल गाउँपालिका,डोटी | ०.९७५१ |
| २३ | पलता गाउँपालिका,कालिकोट | ०.९७४६ |
| २४ | खत्याड गाउँपालिका,मुगु | ०.९७४५ |
| २५ | भूमे गाउँपालिका,रुकुम पूर्व | ०.९७१० |
| २६ | मुगुम कार्मारोङ गाउँपालिका,मुगु | ०.९७०९ |
| २७ | भोटखोला गाउँपालिका,संखुवासभा | ०.९७०९ |
| २८ | सिंजा गाउँपालिका,जुम्ला | ०.९७०७ |
| २९ | तुर्माखाद गाउँपालिका,अछाम | ०.९६७४ |
| ३० | चंखेली गाउँपालिका,हुम्ला | ०.९६७३ |
| ३१ | पातारासी गाउँपालिका,जुम्ला | ०.९६७१ |
| ३२ | खप्तड छेडेदह गाउँपालिका,बाजुरा | ०.९६६४ |
| ३३ | जगदुल्ला गाउँपालिका,डोल्पा | ०.९६३४ |
| ३४ | लिम्चुङबुङ गाउँपालिका,उदयपुर | ०.९६२३ |
| ३५ | नरहरीनाथ गाउँपालिका,कालिकोट | ०.९६१६ |
| ३६ | ढकारी गाउँपालिका,अछाम | ०.९६०९ |
| ३७ | छेडागाड नगरपालिका,जाजरकोट | ०.९६०७ |
| ३८ | रास्कोट नगरपालिका,कालिकोट | ०.९६०२ |
| ३९ | मुड्केचुला गाउँपालिका,डोल्पा | ०.९५८८ |
| ४० | महावै गाउँपालिका,कालिकोट | ०.९५७९ |
| ४१ | लोमन्थाङ गाउँपालिका,मुस्ताङ | ०.९५७० |
| ४२ | पुर्चौडी नगरपालिका,बैतडी | ०.९५६४ |
| ४३ | भगवतिमाइ गाउँपालिका,दैलेख | ०.९५६३ |
| ४४ | कमलबजार नगरपालिका,अछाम | ०.९५५५ |
| ४५ | पुथा उत्तरगङ्गा गाउँपालिका,रुकुम पूर्व | ०.९५५२ |
| ४६ | जन्तेढुङ्गा गाउँपालिका,खोटाङ | ०.९५५२ |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| ४७ | बराहपोखरी गाउँपालिका,खोटाङ | ०.९५४९ |
| ४८ | परिवर्तन गाउँपालिका,रोल्पा | ०.९५३९ |
| ४९ | स्वामिकार्तिक खापर गाउँपालिका,बाजुरा | ०.९५३८ |
| ५० | तलकोट गाउँपालिका,बझाङ | ०.९५१९ |
| ५१ | मोहन्याल गाउँपालिका,कैलाली | ०.९५१४ |
| ५२ | तिलागुफा नगरपालिका,कालिकोट | ०.९५०२ |
| ५३ | चौरपाटी गाउँपालिका,अछाम | ०.९५०१ |
| ५४ | ताप्ली गाउँपालिका,उदयपुर | ०.९५०० |
| ५५ | पचालझरना गाउँपालिका, कालिकोट | ०.९४९९ |
| ५६ | चौकुने गाउँपालिका,सुर्खेत | ०.९४९६ |
| ५७ | पंचदेवल विनायक नगरपालिका,अछाम | ०.९४९० |
| ५८ | आदर्श गाउँपालिका,डोटी | ०.९४८३ |
| ५९ | गुठीचौर गाउँपालिका,जुम्ला | ०.९४८१ |
| ६० | चम्पादेवी गाउँपालिका,ओखलढुंगा | ०.९४७५ |
| ६१ | थबाङ गाउँपालिका,रोल्पा | ०.९४६३ |
| ६२ | त्रिवेणी नगरपालिका,बाजुरा | ०.९४४६ |
| ६३ | दार्मा गाउँपालिका,सल्यान | ०.९४३२ |
| ६४ | शुभ कालीका गाउँपालिका, कालिकोट | ०.९४१७ |
| ६५ | मिक्वाखोला गाउँपालिका, ताप्लेजुङ | ०.९३९८ |
| ६६ | त्रिपुरासुन्दरी नगरपालिका,डोल्पा | ०.९३९३ |
| ६७ | आठविस नगरपालिका,दैलेख | ०.९३९३ |
| ६८ | गुरास गाउँपालिका,दैलेख | ०.९३८८ |
| ६९ | थलारा गाउँपालिका,बझाङ | ०.९३८२ |
| ७० | सान्नी त्रिवेणी गाउँपालिका, कालिकोट | ०.९३७३ |
| ७१ | मेरिङदेन गाउँपालिका,ताप्लेजुङ | ०.९३७३ |
| ७२ | तातोपानी गाउँपालिका,जुम्ला | ०.९३६४ |
| ७३ | दुल्लु नगरपालिका,दैलेख | ०.९३६१ |
| ७४ | मेल्लेख गाउँपालिका,अछाम | ०.९३५४ |
| ७५ | सिगास गाउँपालिका,बैतडी | ०.९३४४ |
| ७६ | बाँफिकोट गाउँपालिका,रुकुम पश्चिम | ०.९३३१ |
| ७७ | मैवाखोला गाउँपालिका,ताप्लेजुङ | ०.९३११ |
| ७८ | जगन्नाथ गाउँपालिका,बाजुरा | ०.९३०९ |
| ७९ | के.आइ.सिं गाउँपालिका,डोटी | ०.९३०८ |
| ८० | भैरवी गाउँपालिका,दैलेख | ०.९३०६ |
| ८१ | मष्टा गाउँपालिका,बझाङ | ०.९३०० |

| क्रम सङ्ख्या | स्थानीय तह | बञ्चितीकरण सूचकाङ्क |
|---|---|---|
| ८२ | पुर्विचौकी गाउँपालिका,डोटी | ०.९२८९ |
| ८३ | नार्पा भूमि गाउँपालिका,मनाङ | ०.९२८६ |
| ८४ | बान्नीगढी जयगढ गाउँपालिका,अछाम | ०.९२८२ |
| ८५ | सानीभेरी गाउँपालिका,रुकुम पश्चिम | ०.९२८० |
| ८६ | केपिलासगढी गाउँपालिका,खोटाङ | ०.९२७९ |
| ८७ | फक्ताङलुङ गाउँपालिका,ताप्लेजुङ | ०.९२४१ |
| ८८ | लिखु पिके गाउँपालिका,सोलुखुम्बु | ०.९२४१ |
| ८९ | दिप्रुङ चुइचुम्मा गाउँपालिका,खोटाङ | ०.९२३५ |
| ९० | नलगाड नगरपालिका,जाजरकोट | ०.९२२७ |
| ९१ | सिवालय गाउँपालिका,जाजरकोट | ०.९२२० |
| ९२ | नौमुले गाउँपालिका,दैलेख | ०.९२१९ |
| ९३ | गङ्गादेव गाउँपालिका,रोल्पा | ०.९२१५ |
| ९४ | हतुवागढी गाउँपालिका,भोजपुर | ०.९२०५ |
| ९५ | बारेकोट गाउँपालिका,जाजरकोट | ०.९२०५ |
